श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वाणिज्य बैंक (पहिलो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वाणिज्य बैंक ऐन, २०३१ को दफा २ मा संशोधन : वाणिज्य बैंक ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :–

"(घ१) "अध्यक्ष" भन्नाले संचालक समितिको अध्यक्ष सम्झनपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ठ) मा रहेको "गर्दा साथ" भन्ने शब्दहरूको सट्टा "गर्नासाथ" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएको छः–

"(त१) "निक्षेप" भन्नाले बैंक वा वित्तीय संस्थाको चल्ती, बचत वा मुद्दती खातामा जम्मा गरिने रकम सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को,–

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) कृषि, उद्योग वा व्यापारको निमित्त चालू पूंजीको लागि भए बढीमा दुई वर्षसम्मको भाखामा र चालू पूंजी बाहेक प्रवर्धन वा विस्तारको कामको लागि भए बढीमा दश वर्षसम्मको भाखामा घर, जग्गा वा बैंकलाई मान्य हुने अरू धितो लिई कर्जा दिने ।

तर,

(१) कृषि, घरेलु उद्योग, सिचाइ, विद्युत् शक्ति उत्पादन वा राष्ट्र बैंकले तोकेको अरू कुनै क्षेत्रमा आयोजनाको सम्भाव्यताको विचार गरी बैंकले पत्याएको नेपाली नागरिकलाई वा त्यस्तो व्यक्ति जमानी बसेमा कुनै नेपाली नागरिकलाई पचास हजार रूपैयाँसम्म कुनै धितो नलिइकन कर्जा दिन सक्नेछ । त्यसरी कर्जा दिंदा त्यस्तो कर्जा लिने व्यक्ति आयकर तिर्नु पर्ने रहेछ भने निजबाट आयकर तिरेको प्रमाण पेश गराउनुपर्छ ।

(२) लामो अवधिमा दिने कर्जाको अधिकतम हद राष्ट्र बैंकले तोके-बमोजिम हुनेछ ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "लामो अवधि' भन्नाले राष्ट्र बैंकले समय समयमा बैंकलाई सूचित गरी तोकेको खास अवधि सम्झनुपर्छ ।

(३) कृषि, उद्योग, घरेलु उद्योग, व्यापार, सिंचाइ, विद्युत् शक्ति उत्पादन वा अन्य कुनै क्षेत्रको आयोजनामा बैंकले लगानी गर्दा श्री ५ को सरकारले निर्धारित गरेको नीतिभित्र रही सो नीतिलाई सघाउ पुग्ने गरी लगानी गर्नुपर्छ ।"

(२) खण्ड (च) झिकिएको छ ।

(३) खण्ड (ठ) मा रहेको "कर्जा दिने" भन्ने शब्दहरूको सट्टा "कर्जा लिने" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८

४. मूल ऐनको दफा ४७ मा संशोधन : मूल ऐनको दफा ४७ को सट्टा देहायको दफा ४७ राखिएको छ :–

"४७. बैंकलाई छुट र सुविधा : प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकलाई देहायबमोजिमको छुट र सुविधा हुनेछ :–

(क) कृषि, ग्रामीण तथा घरेलु उद्योग, सिंचाइ, विद्युत् शक्ति उत्पादन तथा श्री ५ को सरकारले तोकेको अन्य कुनै व्यवसायको निमित्त बैंकले नेपाली नागरिकलाई दिने बढीमा दुई लाख रूपैयाँसम्मको कर्जाको लिखत रजिष्ट्रेशन गर्नुपर्ने छैन ।

(ख) बैंकले कर्जा वा निक्षेपमा लिने वा दिने व्याजको दर र ब्याज लाग्ने तरीका बैंकले तोकेबमोजिम हुनेछ ।

तर, त्यस्तो ब्याजको दर र ब्याज लाग्ने तरीकाको सम्बन्धमा राष्ट्र बैंकले समय समयमा दिएको निर्देशन बैंकले पालन गर्नु पर्नेछ ।

(ग) बैंकले लिने वा दिने कर्जा र निक्षेपको भाखा बैंकले तोकेबमोजिम हुनेछ ।"

५. मूल ऐनमा दफा ४७क. थप : मूल ऐनको दफा ४७ पछि देहायको दफा ४७क. थपिएको छ :–

"४७क. सम्झौता वा शर्त कबुलियत उल्लंघन गरेमा बैंकको अधिकार : (१) कुनै व्यक्ति, संस्था वा उद्योगले बैंकसंग भएको कर्जाको सम्झौता वा शर्त कबुलियतको पालन नगरेमा वा लिखतको भाखाभित्र बैंकको कर्जा चुक्ता नगरेमा वा बैंकले जाँचबूझ गर्दा कर्जा लिएको रकम सम्बन्धित काममा नलगाएको वा हिनामिना भएको देखिएमा सम्बन्धित लिखत वा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले बैंकलाई लेखिदिएको वा बैंकमा राखेको सुरक्षणलाई बैंकले सावां व्याज असूल गर्न पुग्ने जति आफै लीलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी कर्जाको सावां व्याज असूल गरी लिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम असूल उपर गरी आएको रकममध्ये बैंकको सावां व्याज र लीलाम विक्री गर्दा लागेको खर्च कटाई बाँकी रहन आएको रकम बैंकले सम्बन्धित ऋणीलाई फिर्ता गर्नेछ ।

(३) यसरी सावां र व्याज असूल गर्दा पूरा रकम असूल उपर हुन नसकेमा बैंकले ऋणीको अरू जायजेथाबाट समेत उक्त रकम असूल उपर गरी लिन सक्नेछ ।"

६. मूल ऐनको दफा ४८ मा संशोधन : मूल ऐनको दफा ४८ को सट्टा देहायको दफा ४८ राखिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४१०

"४८. <u>बैंक कारोबार वा श्रेस्ताको गोपनीयता कायम राख्नु पर्ने</u> : (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंक र ग्राहकहरूको बीचको सम्बन्ध तथा बैंकको खाता बही र हरहिसाबको विवरण सम्बन्धित व्यक्ति बाहेक अरू कसैलाई बताइने छैन ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दा मामिला वा अन्य कानूनी कारवाईको सिलसिलामा अदालत, लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षक वा निरीक्षणको सिलसिलामा निरीक्षकलाई निरीक्षण गर्न दिएमा बैंक कारोबार वा स्रेस्ताको गोपनीयता भङ्ग गरेको मानिने छैन ।

(३) बैंकको खाता बही र अन्य स्रेस्ताको निरीक्षण गर्दा अदालत, लेखापरीक्षक, निरीक्षक वा अरू कसैले पनि बैंक कारोबार वा स्रेस्ताको गोपनीयता भङ्ग गर्नु हुँदैन ।"

लालमोहर सदर मिति:– २०३४।६।१८।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।